**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको सूचना**

मितिः २०७७-०४-२६

कम्पनी रजिष्ट्रारको कार्यालयबाट हुने सेवा प्रवाहलाई छिटो छरितो बनाउने उध्येश्यले २०७७ भाद्र १ गते देखि लागु हुने गरी निम्न अनुसारको व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१) २०७७-०५-०१ गते देखि हुने नयाँ कम्पनी दर्ताको लागि कम्पनीले अनलाईन मार्फत पेश गरेका कागजात लाई नै आधिकारिक मानी कार्य गरिने हुँदा प्रस्तावित प्रवन्धपत्र र नियमावलीको २ प्रति बाहेक अन्य कागजी विवरण आवश्यक नपर्ने।
यसरी दर्ता भएका कम्पनीको छुट्टै कागजी फायल खडा नगरिने र अर्को पटक यस कार्यालयमा उक्त कम्पनीको सम्बन्धमा काम गर्नु पर्दा कम्पनीले अनलाईनबाट पेश गरेका विवरण र विधुतिय अभिलेखलाई नै आधार मानी गरिने छ।

२) सबै खाले (नयाँ / पुराना) कम्पनीले अब उप्रान्त कम्पनी ऐन, २०६३ बमोजिम कार्यालयमा बुझाउनु पर्ने वार्षिक विवरण, लेखापरिक्षण प्रतिवेदन लगायतका सबै विवरणहरु अनलाईन मार्फत मात्र बुझाउनु पर्ने । छुट्टै हार्डकपी बुझाउनु नपर्ने । कम्पनीले आफ्नो रजिष्टर्ड कार्यालयमा त्यस्ता विवरणहरु सक्कल सहित राख्नु पर्ने।

३) शेयर लगत अभिलेख दर्ता गर्दा अनलाईन मार्फत कम्पनीले पेश गरेपछि कार्यालयबाट अभिलेख जनाई एक प्रति लगत कम्पनीले लाने र एक प्रति कार्यालयले विधुतीय अभिलेख (Scan Copy) राख्ने। कम्पनी ऐन अनुसार शेयर दर्ता किताव सम्बन्धित कम्पनीले नै तयार गरी राख्नु पर्ने व्यवस्था भएकोले कम्पनीले कार्यालयमा अभिलेख दर्ता गरेको विवरणमा कुनै फरक परेमा सम्बन्धित कम्पनी नै जवाफदेही हुने।

४) कम्पनीले Data Entry गरेको शेयर लगत लगायतका विवरण र scan copy मा कुनै फरक परी अध्यावधिक गर्नु परेमा संचालक समितिको निर्णय गरी कार्यालयमा सम्पर्क गर्नु हुन समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

प्रवक्ता एवं उप रजिष्ट्रार
तुल्सीराम गैरे